नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४४११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स : ०१-४४१४३९१

पो.ब.नं.४०७
महाराजगञ्ज, काठमाडौं ।
मिति: २०७९/०४/२३ गते।

## प्रेस विज्ञप्ती- १०

## "वैंकिङ् कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ"

तपसिलमा उल्लेखित प्रतिवादी रौशन कुमार गुप्ताले मिति २०७६/०१/०४ गते सानिमा वैंक लिमिटेड, काठमाडौंमा रहेको निजको खाताबाट रकम भुक्तान हुने भनी उक्त बैंक खातामा पर्याप्त मौज्दात रकम नभएको भन्ने जानी-जानी जाहेरवालालाई झुक्यानमा पारी दिएको चेकको रकम भुक्तान हुन नसकेको ठहर गर्दै सम्मानित उच्च अदालत पाटनले वैंकिङ् कसूर मुद्दामा प्रतिवादी रौशन कुमार गुप्तालाई बैंकिङ् कसूर तथा सजाय ऐन २०६४ बमोजिमको कसूरमा ४ (चार) दिन कैद र रु. १०,००,०००/- (दश लाख रुपैंया मात्र) जरिवाना हुने ठहर गरेकोमा यस केन्द्रीय अनुसन्धान ब्यूरोबाट फैसला कार्यान्वयन तथा फरार प्रतिवादीहरुको खोजतलास एवं पक्राउको लागी परिचालित टोलीले निजलाई आज मिति २०७९/०४/२३ गते कपन, काठमाडौंबाट पक्राउ गरी फैसला कार्यान्वयनको लागि आजै सम्मानित काठमाडौं जिल्ला अदालतमा पेश गरेको ब्यहोरा सूचित गरिन्छ।

**पक्राउ प्रतिवादी::**



| | |
|---|---|
| **प्रतिवादी:** | रौशन कुमार गुप्ता |
| **उमेर:** | ३४ बर्ष |
| **ठेगाना:** | जिल्ला सर्लाही, साविक ब्रम्हपुरी गा.बि.स. वडा नं. ३ परिवर्तित ब्रम्हपुरी गा.पा. वडा नं. २ हाल जिल्ला काठमाडौं, बुढानिलकण्ठ न.पा. वडा नं. १०, ज्योतिनगर, एकतावस्ती, कपन। |
| **मुद्दा:** | वैंकिङ् कसूर |
| **सजाय:** | ४ (चार) दिन कैद र रु.१०,००,०००/- जरिवाना |
| **फैसला मिति:** | २०७७/११/२३ गते |
| **फैसला गर्ने** | उच्च अदालत पाटन |
| **पक्राउ मिति:** | २०७९/०४/२३ |
| **पक्राउ स्थान:** | जिल्ला काठमाडौं, बुढानिलकण्ठ न.पा. वडा नं. १०, ज्योतिनगर, एकतावस्ती, कपन |

**उप निर्देशक**
(कमल थापा)
प्रहरी उपरीक्षक
सम्पर्क नम्बर:९८५१२८१३३४
मिति २०७९/०४/२३ गते।